जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २१४ २०८१ साल चैत १३ गते बुधबार (26 Mar. 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विश्व बैंकले देखेको नेपालको ... ३ पृष्ठमा : 'आँपमा 'अफइयर' : पुराना ... ३ पृष्ठमा : जापानमा सबैभन्दा ...

## कारागारमा बन्दी जिवन विताईरहेका एक कैदीको मृत्यु




**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

राजविराज कारागारमा विगत ५ महिनादेखि बन्दी जिवन विताई रहेका एक कैदीको मंगलबार बिहान मृत्यु भएको छ।

राजविराज नगरपालिका १ चनौरा पडरिया निवासी ५३ बर्षीय तजमुल मियाँको मंगलबार उपचारको क्रममा मृत्यु भएको हो।

कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योगको आरोपमा उनी सप्तरी जिल्ला अदालतमा आफै उपस्थित भएपछि २०८१ कार्तिक ११ गते पुर्पक्षका लागि कारागार चलान भएका थिए।

कारागारका जेलर प्रवीण कुमार अधिकारीका अनुसार सोमबार राति १० बजेतिर अचानक विरामी परेका उनलाई स्थानिय गजेन्द्रनारायण सिंह अस्पतालमा भर्ना गराईएको थियो। तर, स्वास्थ्य अवस्थामा सुधार नदेखिएपछि रेफर गरिएका उनको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मंगलबार बिहान ८ बजेतिर उपचारकै क्रममा उनको मृत्यु भयो।

मृतक मियाँ मधुमेह र उच्च रक्तचापका विरामी थिए। मंगलबार नै पोष्टमार्टम गरि शव आफन्तलाई जिम्मा लगाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

चार महिना अघि किर्ते जालसाज मुद्दामा पुर्पक्षका लागि सोही कारागारमा बन्दी जिवन विताईरहेका सप्तरीको शम्भुनाथ नगरपालिकाका ५९ बर्षीय रामप्रकाश शरण चौधरीको पनि विरामी परी विराटनगरस्थित नोवेल अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको थियो।

## आगलागिमा तीन लाख बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

राजबिराज नगरपालिका वडा नं. १५ मुसहरनियामा सोमबार राती आगलागि हुँदा तीन लाख मुल्य बराबरको क्षति भएको छ।

स्थानीय शत्रुधन मण्डलको गोठ घरमा बालेको घुरबाट अचानक सल्केको आगोले गोठसहित एक तल्ले घर घर भित्र रहेको लत्ता कपडा अन्नपात भाडा बर्तन, काठपात पुर्ण रुपमा जल्दा तीन लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

स्थानिय, नेपाल प्रहरी र बारुणयन्त्रको सहयोगमा आगोमाथी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## गाडिएको अवस्थामा बालिकाको शव फेला

**दैनिक समाचारदाता**
**सिरहा, १२ चैत ।**

सिरहाको गोलबजार नगरपालिका ९ की १३ वर्षीया गुलशना खातुनको शव गाडिएको अवस्थामा मंगलबार फेला परेको छ।

गत फागुन २९ गते घरबाट निस्केकी खातुनको शव बोरामा बेरेर गाडिएको अवस्थामा इलाका प्रहरी कार्यालय मिर्चैयाको टोलीले फेला पारेको हो।

वनमारा झाडीभित्रबाट लास कुहिएको गन्ध आएपछि स्थानीयले प्रहरीलाई खबर गरेको थियो। प्रहरीको टोलीले उत्खनन गर्दा बालिकाको शव बोरामा बेरिएर खाडलभित्र भेटिएको गोलबजार ९ का पूर्ववडाध्यक्ष रामपुकार कामतीले बताए।

खालडभित्र फेला परेको शव खातुन कै रहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक सन्तबहादुर बाखुले जानकारी पुष्टि गरेका छन्। उनका अनुसार घुर्मी खोला किनारमा तीन फिट खनेपछि जुटको बोरामा बेरिएको अवस्थामा बालिकाको शव फेला परेको छ।

आमा जाहेदा खातुनले इलाका प्रहरी कार्यालय मिर्चैयामा चैत १ गते खोजतलास गरिदिन भनेर निवेदन दिएकी थिइन्। खातुन स्थानीय सामुदायिक विद्यालयमा कक्षा ४ मा अध्ययनरत थिइन्। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## पत्रकार यादवसहित तीन जना बिरुद्ध भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

जनकपुर टुडेका प्रधानसम्पादक एवं अध्यक्ष पत्रकार वृजकुमार यादव लगायत तीन जना विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ।

बोलपत्रको सूचना लुकाई भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यादव, धनुषाको बटेश्वर गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत सावन कुमार चौधरी र लेखा अधिकृत सुमन कुमार पुरी विरुद्ध अख्तियारले मुद्दा चलाएको हो।

पत्रकार यादवमाथि विज्ञापन नै प्रकाशित नगरी ६ लाख ४४ हजार रुपैया एक सयको फर्जी बिल तयार पारेको तथा बोलपत्रको सूचना लुकाएर भ्रष्टाचारमा सघाएको आरोप छ।

अख्तियारका अनुसार, धनुषाको बटेश्वर गाँउपालिकाका वडाहरुमा स्वास्थ्य चौकी भवन र डिप बोरिङ निर्माणमा बोलपत्र आह्वान गर्नुपर्ने थियो। राष्ट्रिय स्तरको दैनिक पत्रिकामा बोलपत्रको सूचना प्रकाशित गर्नुपर्नेमा जनकपुर टुडेका प्रधानसम्पादक एवं अध्यक्ष यादवले बोलपत्र स्वीकृतीको सूचना लुकाई सूचना प्रकाशित नै गरेनन्। उनले गाँउपालिकाको अभिलेखमा राख्ने गरी एकप्रतिमात्रै पत्रिका प्रकाशित गरेको अख्तियारको आरोप छ।

पाँच वर्षअघिको घटनामा प्रधान सम्पादक यादवले विज्ञापन प्रकाशित गरेको भनी ६ लाख ४४ हजार रुपैया एक सयको बील तयार गरेका थिए। त्यही रकम भुक्तानी गरेको आरोपमा अख्तियारले यादव सहित गाँउपालिकाका दुई कर्मचारीहरुमाथि मुद्दा दायर गरेको हो।

## न्याय सेवा सुधार गर्न अनलाइन प्रणाली सुरु

काठमाडौँ, १२ चैत (रासस)।

न्याय प्रणालीलाई थप सहज र सरल बनाउन अनलाइन प्रणाली शुभारम्भ गरिएको छ। सर्वोच्च अदालतबाट सातै प्रदेशका मुख्य न्यायाधीवक्ताको कार्यालयहरूलाई दिइने पेसीको सूचना पठाउने तथा जिल्ला अदालतहरूले विशेष प्रकृतिको निवेदनउपर कारबाहीमा प्रयोग गरिने अनलाइन प्रणालीको आज शुभारम्भ गरिएको हो।

अनलाइन प्रणालीको शुभारम्भ गर्दै प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्याय प्रणालीको सुधार गर्नैपर्ने भएको र त्यसका लागि प्रविधिको सुधार अतिआवश्यक भएको उल्लेख गर्नुभयो। "यस कार्यको शुभारम्भपछि न्याय प्रणाली दिगो, भरपर्दो, विश्वसनीय र पारदर्शी हुनेछ भने अनियमितता, विकृति विसङ्गति हटाउन योगदान पुग्नेछ", उहाँले भन्नुभयो। न्याय प्रणालीमा 'डिजिटाजेसन' रुपान्तरण आजको अपरिहार्यता भएको प्रधानन्यायाधीश राउतको भनाइ थियो।

सर्वोच्च अदालतले न्यायिक सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउने तथा अदालतलाई कागज प्रयोग न्यून हुने निकायका रूपमा विकास गर्ने लक्ष्यका साथ सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्दै आएको छ। सर्वोच्च अदालतले अदालतहरूको मुद्दा व्यवस्थापनका अधिकांश कार्य एकीकृत मुद्दा व्यवस्थापन प्रणाली र यसका ढाँचाहरुबाट गर्नेगरी व्यवस्था मिलाइएको जनाएको छ।

उक्त प्रणालीमा नयाँनयाँ सेवा थप हुँदै आएकामासर्वोच्च अदालतले हालै तयार पारेको अनलाइन प्रणाली सुरु गरेको हो।


**नागरिक वडापत्रको उपयोग गरौं ।**

नागरिक वडापत्रमा:

- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

सेवाग्राहीले:

- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### नेपालमा क्रिकेटरको भविष्य सुनिश्चित हुँदै

दुई दशकदेखी नेपालमा खेलिदै आएको क्रिकेटप्रतिको क्रेज अहिले निकै बढेको छ । यस खेलप्रति अहिले नेपालका यूवाहरु निकै आकर्षित भइरहेका छन् । लामो समयदेखी नेपालमा क्रिकेट खेल आएको क्रिकेट खेलको भविष्य नेपालमा पनि सुनिश्चित हुने अपेक्षा गरिएको छ । लामो समयदेखी क्रिकेटमा नेपाली खेलाडीहरुले पुर्‍याएको योगदान र उनीहरुको प्रयासका कारण अहिले नेपाल विश्वमै क्रिकेटका लागि नयाँ पहिचान बनाउन सफल भएको छ । यसरी नेपालले झण्डै दुई दशकदेखी गरेको परिश्रमले सफलता पाएको हो ।

अहिले क्रिकेटका कारण नेपाल अन्तराष्ट्रियस्तरमा छुट्टै पहिचान बनाएको छ । क्रिकेटको क्रेज सबैभन्दा बढी भारतमा देखिएको छ । अहिले भारतमा जागिर भन्दा पनि बढी क्रिकेटमै भविष्य देख्ने युवाहरु निकै अगाडी छन् । तर, नेपालमा त्यस्तो नदेखिए पनि वर्तमान अवस्थामा क्रिकेटको क्रेज यहाँ पनि देखिन थालिएको छ ।

तसर्थ क्रिकेटमै भविष्य खोज्ने नेपाली यूवाहरुका लागि सरकारले गम्भिरता देखाएर उनीहरुको भविष्यको सुनिश्चितताका लागि आवश्यक कदम उठाउनु जरुरी छ । यसरी नेपालमा बढ्दै गएको क्रिकेट खेलप्रतिको क्रेजलाई सरोकारवाला निकाय पनि गम्भिर भई खेलाडीहरुको भविष्य सुनिश्चितताका लागि ठोस नीति अपनाउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्व बैंकले देखेको नेपालको अर्थतन्त्रको परिदृश्य : विप्रेषणले गरिबी घटायो, आन्तरिक अवसरबाट न्यून लाभ

**हेमन्त जोशी**
काठमाडौं, १२ चैत (रासस) ।

विप्रेषण र आप्रवासनका कारण पछिल्लो तीन दशकमा नेपालको गरिबी उल्लेख्य रूपमा घटे पनि आन्तरिक अर्थतन्त्र विस्तार भने निकै कमजोर देखिएको विश्व बैङ्कले जनाएको छ ।

'नेपाल कन्ट्री इकोनोमिक मेमोरान्डम, २०२५' प्रतिवेदन सार्वजनिक गर्दै विश्व बैङ्कले सुदृढ आर्थिक वृद्धि हासिल गर्न आन्तरिक अवसरको खोजी गरी लाभ लिन सक्नुपर्ने सुझाव दिएको छ । निर्यात, जलविद्युत् उत्पादन, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रबाट लाभ लिनसक्ने प्रचुर सम्भावना भए पनि नेपालले ती अवसर गुमाइरहेको प्रतिवेदनको निश्कर्ष छ । विप्रेषण तथा आप्रवासनले गरिबी निवारणमा उल्लेख्य भूमिका खेले पनि नेपालले यस क्षेत्रबाट उत्पादनशील क्षेत्रमा लगानी र आन्तरिक रोजगारी सिर्जनामा थप लाभ लिन नसकेको पनि विश्व बैङ्कले जनाएको छ ।

"नेपालले विगत तीन दशकमा गरिबी निवारणमा उल्लेखनीय सफलता प्राप्त गरेको छ । सन् १९९५ मा करिब ५५ प्रतिशत नेपालीहरू अत्यन्त गरिबीको सामना गरिरहेकामा सन् २०२३ सम्ममा यो सङ्ख्या ५४ दशमलव आठ प्रतिशतले घटेको छ तर यो गरिबी न्यूनीकरण द्रुत आर्थिक वृद्धिबाट नभई मुख्य रूपमा आप्रवासन र विप्रेषणको प्रभावबाट भएको हो", प्रतिवेदनमा भनिएको छ, "सन् १९९६ देखि २०२३ सम्म नेपालको अर्थतन्त्र वार्षिक औसत चार दशमलव दुई प्रतिशतले मात्र बढेको छ । दक्षिण एसियामा नेपालको वृद्धिदर छैटौं स्थानमा छ ।" उच्च अङ्कको आर्थिक वृद्धि हासिल गर्न नेपालभित्र अनेकौं संरचनागत चुनौतीहरू कायम रहेको प्रतिवेदनमा उल्लेख छ ।

नेपालको वस्तु तथा सेवा निर्यातले आर्थिक वृद्धिमा निकै कम मात्र योगदान दिइरहेको छ । निर्यात बढाएर लाभ लिनसक्ने राम्रो सम्भावना भए पनि त्यसका लागि कानुनी, नीतिगत तथा संरचनागत अवरोध रहेको विश्व बैङ्कले जनाएको छ । "उच्च उत्पादन लागत, कमजोर प्रतिस्पर्धा र सुस्त पूर्वाधार विकासले आर्थिक वृद्धिलाई अवरुद्ध गरेको छ । जलविद्युत्को सम्भावना उच्च भए पनि यसको विकास अपेक्षाकृत रूपमा निकै ढिलो भइरहेको छ । प्रविधिको प्रयोग बढाउन कमजोर पूर्वाधार, नियामकीय चुनौती, डिजिटल साक्षरता अभावलगायत अवरोध छन्", प्रतिवेदनमा भनिएको छ ।

नेपालले हरेक वर्ष राख्ने महत्वाकांक्षी आर्थिक वृद्धिका लक्ष्यहरू हासिल गर्न विद्यमान नीति पर्याप्त नरहेका पनि प्रतिवेदनमा उल्लेख छ । हाल कार्यान्वयनमा रहेको १६औं आवधिक योजनाले सन् २०२९ सम्म वार्षिक सात दशमलव एक प्रतिशतको जिडिपी वृद्धिको अनुमान गरेको छ । तर आधारभूत प्रक्षेपणअनुसार आगामी वर्षहरूको सम्भावित वृद्धिदर चार प्रतिशत हाराहारी मात्रै रहने विश्व बैङ्कले जनाएको छ । नेपालको विकास आकांक्षा पूरा गर्न आर्थिक वृद्धिका अवसरको पहिचान प्रतिवेदनमार्फत गरिएको छ । "निजी क्षेत्रको प्रवर्द्धनसहित निर्यात वृद्धि गर्नु जरूरी छ । जलविद्युत्, पर्यटन, र डिजिटल सेवाजस्ता क्षेत्रहरूलाई प्रवर्द्धन गर्न सके नेपालले पर्याप्त रोजगारीका अवसर सिर्जना गर्न सक्छ", प्रतिवेदनमा भनिएको छ । नेपाललाई दीर्घकालीन आर्थिक वृद्धि र समृद्धितर्फ अग्रसर गराउन नीति निर्माताहरूले यी विषयहरूलाई ध्यानमा राख्नुपर्ने सुझाव छ । सीप अभिवृद्धि, संस्थागत क्षमता सुदृढीकरण, उद्यमहरूको प्रतिस्पर्धात्मकता सुधारलगायत कार्यबाट आन्तरिक उत्पादन र उत्पादकत्व बढाउन नसके दीर्घकालीन सम्भावित आर्थिक वृद्धिदर चार प्रतिशतभन्दा तल झर्न सक्ने चेतावनी पनि विश्व बैङ्कले दिएको छ ।

प्रतिवेदनले आप्रवासन क्षेत्रबाट थप लाभ लिन सक्ने विषयको पहिचान, विदेशी मुद्रा विनिमय दरको प्रभाव तथा व्यापार नीतिहरूले नेपालको वस्तु निर्यातमा पार्ने प्रभावको विश्लेषण, जलविद्युत् र प्रविधिकरण ( डिजिटलाइजेसन) को सम्भावनालगायत विषय समेटी नेपालको आर्थिक विकासका लागि सुझावसमेत दिएको छ ।

नेपालको आर्थिक वृद्धि अपेक्षित रूपमा बढ्न नसक्नुमा राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोप र बाह्य निर्भरता जस्ता कारण देखाइएका छन् । सन् १९९६ देखि २०२३ सम्मको अवधिमा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय वार्षिक रूपमा औसत सात दशमलव तीन प्रतिशतले मात्र वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । यस्तै, यस अवधिमा श्रम स्वीकृति लिने नयाँ आप्रवासी श्रमिकको सङ्ख्या ६६ लाख नाघेको र जुन कुल जनसङ्ख्याको सात प्रतिशतभन्दा बढी रहेको जनाइएको छ ।

यस अवधिमा निर्यात र औद्योगिक क्षेत्रले आर्थिक वृद्धिमा न्यून योगदान दिएको पनि प्रतिवेदनमा उल्लेख छ । "नेपालमा निर्याततले आर्थिक वृद्धिमा उल्लेखनीय योगदान दिन सकेको छैन । अन्य विकासशील राष्ट्रहरूमा आर्थिक वृद्धिको प्रमुख स्रोत रहेको उत्पादन क्षेत्र नेपालमा निरन्तर घट्दो छ", प्रतिवेदनमा भनिएको छ, "नेपालले वस्तु तथा सेवा निर्याततबाट आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न अझै बाँकी छ । समग्र उत्पादकत्व अझै पनि न्यून छ, आर्थिक वृद्धिमा योगदान दिन सकेको छैन ।" नेपालमा उत्पादित वस्तुको लागत उच्च रहेका कारण अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसकेको र यसले निर्यात घटाएको जनाइएको छ । लागत उत्पादन बढी हुनुमा यहाँको भौगोलिक बनावट र कमजोर भौतिक पूर्वाधारलाई कारक देखाइएको छ । यस्तै, कुल श्रमशक्तिको ८० प्रतिशतभन्दा बढी अनौपचारिक क्षेत्रमा सङ्लग्न भएकामा यसलाई औपचारिक बनाउने र गैर-कृषि क्षेत्रमा उत्पादकत्व वृद्धि गर्ने प्रयासहरू नेपालको आर्थिक वृद्धिका लागि महत्वपूर्ण कदम हुने प्रतिवेदनमा उल्लेख छ ।

नेपालको आर्थिक विकासका लागि आगामी वर्षहरूमा पनि आप्रवासन प्रमुख क्षेत्र बन्न जाने सम्भावना भएकाले यससम्बन्धी नीतिहरू सुधार गर्दै लैजानुपर्ने सुझाव विश्व बैङ्कको छ । वैदेशिक रोजगारीमा जानका लागि महँगो रकम बुझाउनुपर्ने अवस्थाले श्रमिक र उनीहरूको परिवारलाई आर्थिक समस्या सिर्जना गर्ने, आप्रवासी श्रमिकहरूले उच्च ब्याजदर तिर्ने गरी लिएको ऋणमा निर्भर रहनुपर्नेलगायत समस्या देखिएका छन् । यस्तै, विदेश गएका सदस्यहरूको अनुपस्थितिले परिवारका बाँकी सदस्यको सामाजिक एवम् पारिवारिक जीवनमा असर पार्ने र विशेष गरी महिलाको श्रम बजार सहभागितामा गिरावट आउने प्रतिवेदनमा उल्लेख छ । यस्तै, अधिकांश आप्रवासी श्रमिकहरू कठिन काममा खटिनुपर्ने, स्वास्थ्य सेवा वा सामाजिक सुरक्षाको पहुँच नपाउनेलगायत समस्या समाधानका लागि पहल गर्न पनि प्रतिवेदनमार्फत सुझाव दिइएको छ ।

स्वदेश फर्किएका आप्रवासीहरूलाई स्वदेशमै टिकाएर राख्ने र रोजगारीमा आवद्ध गर्न नसकेको विषयलाई पनि विश्व बैङ्कले गम्भीर समस्याका रूपमा औंल्याएको छ । "स्वदेश फर्किएका आप्रवासीहरूलाई स्थानीय श्रम बजारसँग आबद्ध गर्न गाह्रो पर्छ, किनभने उनीहरूले विदेशमा आर्जन गरेको सीप स्वदेशी श्रम बजारको मागसँग मेल खाँदैन । नेपालको सन् २०१७/१८ को श्रम शक्ति सर्वेक्षणका अनुसार स्वदेश फर्किएका आप्रवासीहरूमध्ये १४ दशमलव तीन प्रतिशत बेरोजगार अवस्थामा रहेको र ४१ दशमलव पाँच प्रतिशत श्रम बजार बाहिरै रहेको अवस्था छ", प्रतिवेदनमा भनिएको छ ।

जलविद्युत् क्षेत्रमा नेपालले आफ्नो सम्भावनाको करिब चार प्रतिशत मात्रै उपयोग गरिरहेको तथ्य प्रतिवेदनले उजागर गरेको छ । जलविद्युत् विकासका लागि स्पष्ट वित्तीय रणनीति निर्माण गरी आवश्यक लगानी आकर्षित गर्न सकिने सुझाव विश्व बैङ्कको छ । यस रणनीतिअन्तर्गत स्थानीय बचतपत्र (बण्ड) बजारको विकास तथा ठूला सार्वजनिक-निजी साझेदारी (पीपीपी)का ठूला परियोजनाहरूका लागि प्रभावकारी ढाँचा निर्माण आवश्यक पर्ने जनाइएको छ । साथै, प्रशासनिक झन्झट घटाएर र इजाजतपत्र प्रक्रियालाई सरलीकरण गर्नुका साथै नियमन तथा कानुनी संरचनालाई सशक्तीकरण गर्न सके नेपालको विद्युत् बजार संरचना सुधार गरी थप लगानी आकर्षित गर्ने सुझाव विश्व बैङ्कको छ ।

नेपालको डिजिटल क्षेत्रमा तीव्र सुधार ल्याउन दूरसञ्चार ऐन परिमार्जन गर्नुका साथै डिजिटल रणनीति अवलम्बन र डिजिटल पूर्वाधारको विकास गर्न सुझाव पनि विश्व बैङ्कले प्रतिवेदनमार्फत् दिएको छ । नेपालमा डिजिटल साक्षारता प्रमुख चुनौतीका रूपमा रहेकाले विद्यालय पाठ्यक्रममा डिजिटल सीप समावेश गर्नुका साथै विभिन्न उमेर समूहका लागि जनसाङ्ख्यिक विशेषताका आधारमा तालिम सञ्चालन गर्नुपर्ने सुझाव दिइएको छ ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले विद्यमान आवधिक योजनाले राखेको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न नेपाल सबैखालका नीतिगत र संरचनागत सुधार गर्न तयार रहेको धारणा राख्नुभयो । "सोह्रौं आवधिक योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको दृष्टिकोण प्रस्तुत गरेको छ र यसले उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास, मर्यादित तथा फलदायी रोजगारी, सामाजिक सुरक्षा, तथा अल्पविकसित राष्ट्रबाट सहज स्तरोन्नति सुनिश्चित गर्ने पक्षलाई प्राथमिकतामा राखेको छ । नेपाल सरकार दिगो आर्थिक वृद्धिका लागि अनुकूल नीतिगत वातावरण सुनिश्चित गर्न प्रतिवद्ध छ", उहाँले भन्नुभयो ।

प्रवितेदनबारे धारणा राख्दै विश्व बैङ्कको माल्दिभ्स, नेपाल र श्रीलङ्काका अप्रेसन म्यानेजर प्रीति अरोराले पछिल्ला तीन दशकमा गरिबी निवारणमा नेपालले राम्रो प्रगति गरेको भएपनि स्वदेश भित्रका आर्थिक सम्भावनाको उपयोग गर्न नसकेको बताउनुभयो । "नेपालसँग आप्रवासनको प्रतिफल वृद्धि गर्ने, निर्यात बढाउने, जलविद्युतको अधिकतम उपयोग गर्ने र प्रविधिकरणलाई प्रवर्द्धन गर्नेजस्ता सुधारमार्फत मजबुत आर्थिक वृद्धि हासिल गर्नसक्ने प्रशस्त सम्भावना छ", उहाँले भन्नुभयो ।

# आँपमा ‘अफइयर’ : पुराना बोट फुलेनन्, नयाँमा ढकमक्क

महोत्तरी, १२ चैत (रासस)।

अधिकांश फलफूल एक वर्ष फलेपछि अर्को वर्ष कम फल्छ। कतिपय बोटमा त फूल नै फुल्दैन। यसरी एकवर्ष फलेर अर्को वर्ष नफल्ने यामलाई अङ्ग्रेजीमा ‘अफइयर’ भनिन्छ।

यसवर्ष आँपका लागि अफइयर हो। तर अफइयरको प्रभाव पुराना बोटमा मात्र देखिएको छ। पाँच/छ वर्षका आँपका रुख मज्जाले फुलेका छन्। भङ्गाहा-४ रामनगरकी शान्तिदेवी साहका बारीमा आँप फुलेर बोटै ढाकेका छन्। बगैँचाका पुराना रुखमा फूल नफुले पनि नयाँ बोटमा पातै नदेखिने गरी फूल फुलेपछि साह आँप फल्ने आशामा हुनुहुन्छ।

“यसवर्ष वरपर आँप खासै फूलेका छैनन् तर हाम्रोमा त फूलले पातै देखिँदैन”, साहले भन्नुभयो, “यो फूल २५ प्रतिशत मात्र टिक्यो भने पनि नयाँ रुखले फल थेग्न सक्दैन।” साहले भने जस्तै जिल्लाका सबै भेगमा यसवर्ष पुराना बोटमा फुल कम फुलेको छ।

जिल्लाको गौशाला, बर्दिवास, मटिहानी, पिपरा र मनराशिशवासहितका स्थानीय तह आँप उत्पादनका उर्बर क्षेत्र मानिन्छन्। सबैतिर पुराना रुखमा अफइयरको असर देखिए पनि नयाँ रुखमा फूल फुलेको गौशाला-१० का अरुण कुशवाहाले बताउनुभयो। “पुराना रुखमा त कमै फूल फुलेको छ, तर नयाँ रुखमा मज्जाले फुलेको छ”, उहाँले भन्नुभयो।

यसवर्ष आँपलाई प्रतिकूल मौसम रहेको किसान बताउँछन्। पानी नपरी हिउँदयाम बित्नु सबैभन्दा ठूलो समस्या छ। गतवर्ष राम्रो फलेको आँप यसवर्ष कम फुलेको फलफूल विज्ञ बताउँछन्। “यो सामान्यतया अरु फलमा पनि हुन्छ, आँप, लिचीसहितका फलमा बढी देखिन्छ”, बागबानी विज्ञका रुपमा काम गरी सरकारी सेवाबाट निवृत्त हुनुभएका भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेल भन्नुहुन्छ, “खासगरी स्थानीय जातका पुराना रुखमा यो असर हुन्छ।” अफइयर सामान्यतया तेस्रो वर्षमा हुने उहाँको भनाइ छ। यसअघिका दुई वर्ष आँप निकै फलेका थिए।

यसवर्ष पनि आँपका बोट मज्जाले फूल फुलेपछि बर्दिवास-९ पशुपतिनगरका किसान रामविनोद महतोलाई सन्तोष मिलेको छ। अब चैत/वैशाखको असिना र हुरीवतासमा जोगिए आँपबाट राम्रो कमाइ हुने महतोको आशा छ।

अन्नबालीसहितका अरु फसल फेरिफेरि लगाए जस्तै फलफूल पनि १०/१५ वर्षमा ठाउँ फेरेर नयाँ बिरुवा लगाउँदै गए उत्पादन भइरहने फलफूल विज्ञ भुजेल बताउनुहुन्छ। कम फुलेको आँपलाई यसवर्ष मधुवा (मज्जरमा लाग्ने डढुवा रोग) को प्रकोप छ। मधुवाको प्रकोप पानी नपरेर बढेको किसान बताउँछन्। जिल्लामा पाँच/छ वर्षयताका नयाँको तुलनामा पुराना रुख बढी हुँदा आँप कम उत्पादन हुने अनुमान गरिएको छ।

“हिउँदे वर्षा नहुँदा आँप, लिची, रुखकटहरमा फूल फुल्न सकेन, अहिले आँपका फूलमा देखिएको मधुवा पनि पानी नपरेरै बढेको हो”, औरही-७ का ७० वर्षीय मोहन महतोले भन्नुभयो, “राम्रो वर्षा भएर रुखका पात, हाँगा सबै पखालिएर जरामा राम्रो चिस्यान भएमा अरु रोग कम लाग्छ।”

जिल्लामा पछिल्लो एक दशकयता फुलफूल खेती बढ्दो छ। कृषि कार्यमा जनशक्ति पाउन छाडेपछि किसानले फलफूल खेती बढाएका हुन्। १० वर्षअघि पाँच हजार हेक्टरभन्दा कम क्षेत्रफलमा भएको फलफूल खेती वृद्धि हुँदै हाल १० हजार हेक्टर नाघेको कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत राजकिशोर यादव बताउनुहुन्छ।

महोत्तरी आँप बढी उत्पादन हुने जिल्लामध्येको एक हो। मधेसको मुख्य फल र फलको राजा भनिने आँप कम फुलेपछि यसवर्ष आँपको मूल्य बढ्ने अनुमान गरिएको छ।

# क्षयरोग पत्ता लाग्ने दर अझै कम

गण्डकी, १२ चैत (रासस)।

गत आवमा नेपालमा ६९ हजार क्षयरोगका नयाँ बिरामी थपिएको अनुमान गरिएकामा जम्मा ३५ हजार मात्र पत्ता लागे। उक्त आँकडाले झण्डै आधा क्षयरोगका बिरामी उपचारको पहुँच बाहिर रहेको देखाउँछ।

राष्ट्रिय क्षयरोग निवारण केन्द्रका अनुसार मुलुकको करिब आधा जनसङ्ख्यामा क्षयरोग कीटाणुको सङ्क्रमण रहेको अनुमान छ। केन्द्रले केही वर्षअघि गरेको क्षयरोग ‘प्रिभेलेन्स’ सर्वेक्षणले नेपालमा वार्षिक ६९ हजार क्षयरोगका नयाँ बिरामी थपिने गरेको देखाएको थियो।

नयाँ थपिने बिरामी सङ्ख्याको तुलनामा बिरामी पहिचान भई उपचारमा आउनेको सङ्ख्या कम रहेको गण्डकी प्रादेशिक स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य निरीक्षक ज्ञानबहादुर बिसीले बताउनुभयो। बिरामी पत्ता लाग्ने दर कम हुँदा सन् २०३५ भित्र क्षयरोग अन्त्य र सन् २०५० भित्र क्षयरोग निवारण गर्ने राष्ट्रिय लक्ष्यमा चुनौती देखिएको उहाँको भनाइ छ। “अहिले नयाँ क्षयरोग हुने दर प्रति एक लाखमा दुई सय ५० छ, सन् २०३५ भित्र घटाएर १० मा पुर्‍याउने लक्ष्य सरकारले लिएको छ”, उहाँले भन्नुभयो।

बिरामी खुल्न डराउने, लक्षणलाई सामान्य रूपमा लिने, खोजपड्तालको कमी, स्रोतसाधनको अभाव आदि कारणले क्षयरोगका बिरामी पत्ता लाग्ने दर कम रहेको जनस्वास्थ्य निरीक्षक बिसीले बताउनुभयो। क्षयरोग सङ्क्रित एउटै व्यक्तिले धेरै जनालाई सङ्क्रमण सार्न सक्ने भएकाले क्षयरोग समुदायमा फैलिरहेको उहाँको भनाइ छ। “बहुऔषधि प्रतिरोधी क्षयरोग, क्षयरोगसँग एचआइभी र मधुमेहको सहसङ्क्रमण, बसाइँसराइ, खुला सिमाना, लैङ्गिक असमानता आदि क्षयरोग निवारण अभियानमा चुनौतीका रूपमा देखिएका छन्”, उहाँले भन्नुभयो, “बिरामी जति धेरै पत्ता लगाउन सक्यो उति नै छिटो क्षयरोग निवारण हुन्छ।”

क्षयरोगका लक्षण लिएर आउने बिरामी अस्पताल र चिकित्सकको प्राथमिकतामा नपर्दा पनि बिरामी पहिचान गर्न समस्या भइरहेको उहाँको भनाइ छ। “अस्पताल र प्रयोगशालाका स्वास्थ्यकर्मीलाई क्षयरोगसम्बन्धी तालिम दिइएको छ, तर उहाँहरूले त्यस्ता लक्षण लिएर आउने बिरामीलाई सम्बन्धित ठाउँमा जाँच तथा उपचारका लागि नपठाउने प्रवृत्ति पनि छ”, जनस्वास्थ्य निर्देशक बिसीले भन्नुभयो, “अस्पताल, छात्रावास, कारागार जस्ता जोखिमयुक्त स्थलमा क्षयरोगको जाँचपड्ताल गर्न सकिएको छैन।”

क्षयरोगका बिरामीको पहिचान र निदानका लागि समुदायस्तरमा अभियान सुरू गरिए पनि त्यो प्रयाप्त नभएको उहाँको भनाइ छ। पछिल्लो समय क्षयरोग परीक्षणका लागि सरकारी अस्पतालमहरूमा आधुनिक उपकरण भित्र्याएको उहाँले बताउनुभयो। जनस्वास्थ्य समस्याका रूपमा रहेको र मृत्युको प्रमुख कारणमध्येमा पर्ने क्षयरोग अन्त्यका लागि रोगको पहिचान, निदान, रोकथाम र उपचारलाई प्रभावकारी बनाउनुपर्ने प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो।

“सम्भावित लक्षण देखिएमा तुरून्त क्षयरोग परीक्षण गराउनुपर्छ, क्षयरोगका बिरामीको सम्पर्कमा आएका सबै खकार जाँच गराइहाल्नुपर्छ”, उहाँले भन्नुभयो, “नियमित औषधि सेवनले क्षयरोग पूर्ण रूपमा निको हुन्छ, क्षयरोगको सम्पूर्ण उपचार निःशुल्क हुन्छ।” फोक्सो र फोक्सोबाहेक अन्य अङ्गमा लाग्ने गरी दुई किसिमका क्षयरोग हुने भन्दै उहाँले लगातार खोकी लाग्ने, साँझपख हलुका ज्वरो आउने, खकारमा रगत देखिने छाती दुख्ने, सास फेर्न गाह्रो हुने, खानामा रूचि नहुने, शरीरको तौल घट्ने, थकान लाग्नेजस्ता लक्षण देखिएमा तुरुन्त क्षयरोग परीक्षण गर्नुपर्ने बताउनुभयो।

एचआइभी सङ्क्रमित र मधुमेहका बिरामीलाई क्षयरोग लाग्ने बढी सम्भावना हुने हुँदा त्यस्ता व्यक्तिले विशेष स्वास्थ्य सावधानी अपनाउनुपर्ने उहाँको भनाइ छ। एचआइभी सङ्क्रमितलाई क्षयरोग लाग्ने सम्भावना ३० गुणाले बढी हुने उहाँले बताउनुभयो। पहाडी क्षेत्रमा एकजनाले १० जना र सहरी क्षेत्रमा २५ जनासम्मलाई सङ्क्रमण सार्नसक्ने उहाँको भनाइ छ। बागलुङमा मात्र गत वर्ष १० जनाले क्षयरोगबाट ज्यान गुमाएको उहाँले बताउनुभयो। सरकारी तथा निजी अस्पताल र स्वास्थ्य संस्थामा क्षयरोगको निःशुल्क उपचार हुने गरेको उहाँले बताउनुभयो।

गण्डकी प्रदेशमा पछिल्लो आठ १६ सय ७० नयाँ क्षयरोगका बिरामी भेटिएको प्रादेशिक स्वास्थ्य निर्देशनालयले जनाएको छ। क्षयरोगबाट प्रदेशमा गत वर्ष एक सय नौ जनाको मृत्यु भएको थियो। नेपालमा क्षयरोगबाट मृत्यु हुने दर चार प्रतिशत छ। १५ देखि ६४ वर्ष उमेरमा ७२ दशमलव ५५ प्रतिशतमा १४ वर्ष उमेरभित्रका बालबालिकामा २ दशमलव ६८ प्रतिशत र ६५ माथिका २४ दशमलव ७७ प्रतिशतमा क्षयरोगको सङ्क्रमण हुने गरेको छ। क्षयरोग लाग्नबाट बचाउन बच्चालाई जन्मनेबित्तिकै बिसिजी खोप दिने गरिएको छ।

सङ्क्रमण पत्ता लागेर उपचारमा गएका बिरामी निको हुने दर ९२ प्रतिशत रहेको जनस्वास्थ्य निर्देशक विसीले बताउनुभयो। औषधि प्रतिरोधी क्षयरोगका बिरामीको उपचार सफलता ८२ प्रतिशत रहेको उहाँको भनाइ छ। फोक्सोको क्षयरोग भएका बिरामीले खोक्दा, हाच्छिउँ गर्दा र थुक्दा क्षयरोगका कीटाणु श्वासप्रश्वासको माध्यमबाट स्वस्थ व्यक्तिमा सरी क्षयरोग सङ्क्रमण हुने उहाँले बताउनुभयो। “क्षयरोगका किटाणु शरीरमा प्रवेश गर्दैमा क्षयरोग लाग्दैन, रोगसँग लड्ने क्षमता कम भएका व्यक्तिलाई मात्र क्षयरोग हुन्छ”, उहाँले भन्नुभयो, “कुपोषण, एचआइभी, मधुमेह आदि भएका मानिसमा क्षयरोग छिटो सर्छ।”

क्यान्सर रोक्न परीक्षण अभियान सञ्चालन गर्ने स्वास्थ्य मन्त्री पौडेलको योजनामा काठमाडौँ महानगरको सहकार्य अब वीर अस्पतालमा महिलाको निःशुल्क परीक्षण हुने काठमाडौँ स्तन तथा पाठेघरको मुखको क्यान्सर नियन्त्रणका लागि स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सुरू गरेको परीक्षण अभियानमा काठमाडौँ महानगरले सहकार्य गरेको छ।

अब महानगरसँगको सहकार्यमा वीर अस्पतालमा स्तन, पाठेघर तथा सभाइकल क्यान्सरको नियमित निःशुल्क परीक्षण हुने भएको छ। यससम्बन्धमा काठमाडौँ महानगर र वीर अस्पतालबीच सम्झौता भएको छ। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल र महानगर उपप्रमुख सुनिता डङ्गोलको उपस्थितिमा दुवै पक्षबीच नागरिकको निःशुल्क परीक्षणसम्बन्धी सम्झौता भएको हो।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलले पाठेघरको मुखको क्यान्सरविरुद्ध सजगताका लागि देशैभर फागुन महिनाभर निःशुल्क परीक्षणको निर्णय गरेर कार्यान्वयनमा ल्याएका थिए। रोगको उपचारात्मक सेवामा सुधारसँगै रोग लाग्न नदिन सचेतनाका लागि यो कार्यक्रम आवश्यक रहेको भन्दै सहकार्यका लागि मन्त्री पौडेलले काठमाडौँ महानगरप्रति आभार प्रकट गरे।

“स्वास्थ्य क्षेत्रमा तीन सरकार बेग्ला बेग्लै होइन मिलेर सहकार्य गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो”, मन्त्री पौडेलले भन्नुभयो, “मिलेर स्तन तथा पाठेघरको मुखको क्यान्सर नियन्त्रणका लागि काठमाडौँ महानगरसँगको सहकार्य हाम्रा लागि उत्कृष्ट प्रेरणा र उदाहरण हो।” काठमाडौँ महानगर उपप्रमुख सुनिता डङ्गोलले स्तन तथा पाठेघरको मुखको क्यान्सर महिलाका लागि ठूलो समस्या बनिरहेको अवस्थामा यस सहकार्यले महिलाको जीवनरक्षा हुने विश्वास व्यक्त गर्नुभयो।

निर्देशक डा दिलीप शर्माका अनुसार सबै नागरिकका लागि निःशुल्क रहने सुविधा उपलब्ध गराउन काठमाडौँ महानगरले आर्थिक सहयोग गर्नेछ भने वीरअस्पतालले अङ्कोलोजी वार्डमार्फत जनशक्ति व्यवस्थापन गर्नेछ।

## विश्व समाचार

### जापानमा सबैभन्दा लामो समयसम्म मृत्युदण्डको सजाय पाएका कैदीलाई १४ लाख डलर पुरस्कार

टोकियो, १२ चैत (रासस/एएफपी)।

हत्याको गलत आरोपमा दोषी ठहरिएका र विश्वमा सबैभन्दा लामो समयसम्म मृत्युदण्डको सजाय भोगेका एक जापानी पुरुषलाई १४ लाख डलर क्षतिपूर्ति प्रदान गरिएको छ।

यो भुक्तानीले इवाओ हाकामादाले चार दशकभन्दा बढी समयसम्म थुनामा बिताएका दिनहरूका लागि प्रतिदिन १२ हजार पाँच सय येन ( ८३ डलर) का दरले क्षतिपूर्ति प्रदान गरेको छ। यसको अधिकांश समय मृत्युदण्डमा रहँदा हरेक दिन उहाँको अन्तिम दिन हुनसक्ने डर थियो।

हाल ८९ वर्षका पूर्व बक्सरले सन् १९६६ को चार व्यक्तिको हत्या मुद्दामा गत वर्ष उहाँकी बहिनी र अन्य व्यक्तिहरूको निरन्तर अभियानपछि सफाइ पाउनुभएको थियो।

सिजुओका जिल्ला अदालतको सोमबारको एक निर्णयमा ‘दावीकर्तालाई २१ करोड ७३ लाख ६२ हजार पाँच सय येन प्रदान गरिने’ अदालतका प्रवक्ताले बताए।

सोही अदालतले सेप्टेम्बरमा हाकामादा पुनः सुनुवाइमा निर्दोष रहेको र प्रहरीले प्रमाणमा छेडछाड गरेको फैसला गरेको थियो।

हाकामादाले ‘बयान (स्वीकारोक्ति) का लागि जबरजस्ती गर्ने अमानवीय अनुसन्धान’ भोग्नुभएको थियो। यसलाई उहाँले पछि फिर्ता लिनुभएको अदालतले बताएको छ।

स्थानीय मिडियाका अनुसार यो अन्तिम रकम यस्ता प्रकारका क्षतिपूर्तिका लागि एक रेकर्ड हो। तर हाकामादाको कानूनी टोलीले पैसाले उहाँले भोगेको पीडालाई पूरै सम्बोधन गर्न नसक्ने बताएको छ।

दशकौँको नजरबन्दले-मृत्युदण्डको खतरा निरन्तर बढ्दै जाँदा-हाकामादाको मानसिक स्वास्थ्यमा ठूलो असर पारेको छ। उहाँका वकिलहरूले उहाँलाई ‘कल्पनाको संसारमा बाँचिरहेको’ भनेर वर्णन गरेका छन्।

हाकामादा जापानको युद्धोपरान्त इतिहासमा मृत्युदण्डबाट पुनरावलोकन गरिएका पाँचौं कैदी हुनुहुन्थ्यो। अघिल्ला सबै चारवटा मामिला पनि निर्दोष ठहरिएका थिए।

### मध्यरातदेखि गाजामा इजरायली हमलामा १४ जनाको मृत्यु

गाजा सिटी (प्यालेस्टिनी क्षेत्र), १२ चैत (रासस/एएफपी)।

इजरायलको पछिल्लो आक्रमणको एक साता बितिसकेको अवस्थामा गाजाको नागरिक सुरक्षाले मङ्गलबार युद्धग्रस्त प्यालेस्टिनी क्षेत्रमा इजरायली आक्रमणमा मध्यरातदेखि १४ जनाको मृत्यु भएको बताएको छ।

इजरायली विमानले गाजामा २० भन्दा बढी आक्रमण गरेको र महिला र बालबालिका सहित कम्तीमा १४ जनाको मृत्यु भएको प्रवक्ता महमुद बासलले बताउनुभयो।

उहाँले गाजा सहरको जैतुन छिमेकमा बिहानको आक्रमणमा पाँच जनाको मृत्यु भएको र १२ जना घाइते भएको तथा खान युनिसको दक्षिणी क्षेत्रमा भएको आक्रमणमा एक दम्पती र उनीहरूका तीन सन्तानसहित नौ जनाको मृत्यु भएको बताउनुभयो।

एएफपीले मङ्गलबार सम्पर्क गर्दा सेनाले गाजामा मध्यरातमा आक्रमण गरेको पुष्टि गरी ‘आतङ्कवाद विरोधी’ कार्यवाहीको हिस्सा भएको स्पष्ट पारेको छ।

प्यालेस्टिनी लडाकू समूह हमाससँगको युद्धविराम विस्तार गर्ने वार्तामा गतिरोध भएपछि इजरायलले एक हप्ताअघि गाजाभर तीव्र हवाई आक्रमणहरू पुनः सुरु गरेको थियो।

हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयले सोमबार मार्च १८ मा इजरायलले पुनः बमबारी सुरु गरेदेखि सात सय ३० जनाको मृत्यु भएको बताएको छ।

सोमबार बेलुकी इजरायली सैन्य प्रवक्ता अभिचाय अद्राईले जाबालिया उत्तरी क्षेत्रमा आक्रमणअघि खाली गराउने चेतावनी जारी गर्नुभयो।

“आतङ्कवादी सङ्गठनहरू फेरि एक पटक फर्किँदै छन् र जनसङ्ख्या भएका क्षेत्रहरूबाट रकेट प्रहार गरिरहेका छन्... आफ्नो सुरक्षाका लागि, तुरुन्तै ज्ञात आश्रयहरूतर्फ दक्षिणतिर जानुहोस्”, अद्राईले उत्तरी सहरहरू बेत लाहिया र बेत हानुनका लागि यस्तै चेतावनी जारी गरेपछि एक्समा भन्नुभयो।

नागरिक सुरक्षाका प्रवक्ता बासलले बेत हानुन र बेत लाहियाका साथै खान युनिस क्षेत्रमा तोप प्रहार भएको जानकारी दिनुभयो।

सोमबार साँझ इजरायली सेनाले गाजाबाट प्रक्षेपण गरिएका तीनवटा ‘प्रक्षेपास्त्रहरू’ रोकेको बताएको छ।

### रुसद्वारा ‘अन्तरमहाद्वीपीय ब्यालेस्टिक मिसाइलसहितको’ सैन्य अभ्यास सुरु

मस्को, १२ चैत (रासस/क्युएनए)।

रुसी सेनाले अन्तरमहाद्वीपीय ब्यालेस्टिक मिसाइलहरू समावेश गरेको सैन्य अभ्यास सुरु गरेको रुसी रक्षा मन्त्रालयले घोषणा गरेको छ।

अभ्यासमा रूसको रणनीतिक रकेट निर्धारित प्रशिक्षण अभ्यासको एक हिस्साका रूपमा आणविक मिसाइल लन्चरहरू फिल्ड साइटहरूमा तैनाथ गरिने मन्त्रालयलाई उद्धृत गर्दै तास समाचार एजेन्सीले जनाएको छ। एजेन्सीका अनुसार ‘सेभरडलोभस्क र अल्टिया’ क्षेत्रहरूमा कमान्ड र स्टाफ अभ्यास सञ्चालन गर्ने निर्धारित गरिएको छ। यसमा ‘यार्स अन्तरमहाद्वीपीय’ ब्यालेस्टिक मिसाइल हस्तान्तरण गरिनेछ।

सैन्य एकाइहरूले अभ्यासका क्रममा इन्जिनियरिङ सहयोग, विकिरण, रासायनिक र जैविक सुरक्षा कार्यहरू पनि गर्ने जनाइएको छ।

‘यार्स’ मिसाइल आणविक हतियार बोक्न सक्षम भएको र यसलाई ढुवानी गर्न वा भूमिगत मिसाइल लन्चरहरूमा राख्न सकिने उल्लेख गरिएको छ।

# सुरुङ्गा नगरपालिका वडा नं. ८ बालमैत्री स्थानीय शासन वडा घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

"बालमैत्री स्थानीय शासन पद्धति र व्यवहार : समृद्ध सुरुङ्गाको आधार" नारासहित सुरुङ्गा नगरपालिका वडा नं. ८ लाई बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको छ ।

बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा, पोषण, सहभागिता, संरक्षण, मनोरञ्जन तथा समग्र विकासलाई सुनिश्चित गर्ने उद्देश्यका साथ वडा कार्यालय मलहनमामा आयोजित एक समारोहका बिच औपचारिक रूपमा यो घोषणा गरिएको हो ।

सुरुङ्गा नगरपालिका र वडा नं. ८ कार्यालय, मल्हनमाको विशेष सहयोगमा सेभ द चिल्ड्रेन र सबल नेपालको समुन्नति परियोजनाले बालअधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरूको सहकार्य र समन्वयमा घोषणा गरिएको जनाइएको छ ।

सुरुङ्गा नगरपालिकाकी प्रमुख गीता चौधरी, वडा नं. ८ का सचिव सन्तोष कुमार चौधरी, उपप्रमुख रुद्र बहादुर कार्की, प्रमुख प्रशासकीय अधिकृत सुनिल कुमार पासमान, वडा न. ४ वडाअध्यक्ष देवेन्द्र चौधरी, सबल नेपालका फिल्ड म्यानेजर रोशन कुमार मण्डल, सेभ द चिल्ड्रेनका वरिष्ठ परियोजना संयोजक मकर बहादुर सार्की, विद्यालयका प्रधानाध्यापक राम कुमार महरा, वडा बाल संजालको अध्यक्ष रोहित कुमार राम, वडा न. ५ का वडा अध्यक्ष दिलराम चौधरी वडा न. ११ का वडा अध्यक्ष राम कुमार चौधरी, बालमैत्री स्थानीय शासनको गाउँ कमिटि संयोजक शुभ नारायण चौधरी लगायतको उपस्थिति रहेको थियो ।

# मुख्यमन्त्री सिंहद्वारा जनकपुरका होटल अनुगमन

**दैनिक समाचारदाता**
**धनुषा, १२ चैत ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरका होटलको अनुगमन गरेका छन् ।

जनकपुरका केही होटलमा सफा, तथा स्वस्थ खाना उपलब्ध नहुने गुनासाका आधारमा मुख्यमन्त्री सिंहले सोमबार होटल अनुगमन गरेका हुन् ।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधाम र घरेलु तथा साना उद्योग कार्यालयको संयुक्त टोलीसँगै मुख्यमन्त्री सिंहले जनकपुरधामस्थित होटल जानकी भ्यू, हंसराज स्वीट, लक्ष्मी मिष्ठान्न भण्डार र रघुपति मिष्ठान्न भण्डारको अनुगमन गरे ।

सुरक्षित तथा स्वच्छ खानेकुरा उत्पादन, वितरण र उपभोगमा उपभोक्ताको अधिकार सुनिश्चित गर्ने उद्देश्यले होटल अनुगमन सुरु गरिएको मुख्यमन्त्री सिंहले बताए । उनले होटल अनुगमनलाई सम्बद्ध सरकारी संयन्त्रले निरन्तरता दिने जानकारी दिए ।

अनुगमनका क्रममा अधिकांश होटललाई मापदण्डअनुसार भान्सा कोठालाई सफा तथा व्यवस्थित राख्न निर्देशन दिइएको छ । साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका प्रमुख सन्तोष साहका अनुसार हंसराज स्वीटबाट उत्पादकको नाउँ, उत्पादन तथा म्याद गुज्रिने मिति नभएका ११ प्याकेट मम जफत गरी नष्ट गरिएको छ । न्यू जानकी भ्यू होटल र लक्ष्मी मिष्ठान्न भण्डारबाट अखाद्य वस्तु जफत गरी नष्ट गरिएको छ ।

# प्रा डा अग्रवालको संयोजकत्वमा सुझाव समिति गठन

काठमाडौं, १२ चैत (रासस) ।

मानिसको मांसपेशी कमजोर बनाउने जटिल रोग 'मस्कुलर डिष्ट्रोफी'को पहिचान, उपचार, रोकथाम एवं पुनःस्थापनाका लागि दीर्घकालिन नीति तथा कार्ययोजना तयार पार्न वरिष्ठ कन्सल्टयान्ट तथा न्युरोलोजिष्ट प्रा डा जगदीशप्रसाद अग्रवाल संयोजकत्वको सुझाव समिति गठन गरिएको छ ।

यो रोगका बिरामीको सङ्ख्या बढेको भन्दै त्यसको पहिचान तथा रोकथामका लागि स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलको पहलमा समिति गठन गरिएको हो । समितिको सदस्यमा त्रिवि शिक्षण अस्पतालका प्रा डा रोहितकुमार पोखरेल, 'मस्कुलर डिस्ट्रोफी फाउण्डेसन नेपाल'का अनिलकुमार उपाध्याय, त्रिवि शिक्षण अस्पतालकी प्रा डा मिता शाह राना तथा मन्त्रालयका नीति योजना महाशाखा प्रमुख डा कृष्णप्रसाद पौडेल रहनुभएको छ ।

यसैगरी, नेपाल पेडियाट्रिक्स सोसाइटीका प्रतिनिधि तथा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाकी निष्ठा श्रेष्ठ समितिको सदस्य र सदस्य सचिवमा मन्त्रालयका डा पुष्पराज पौडेल हुनुहुन्छ । स्वास्थ्य मन्त्रालयकाअनुसार मांसपेशी कमजोर बनाउँदै हिँडडुल गर्न समस्या पार्ने आनुवंशिक रोगका बिरामी बढिरहेका छन् । रोकथाम तथा बिरामी र परिवारलाई पुनःस्थापना आवश्यक पर्ने भएकाले यसका लागि आवश्यक नीति तथा कार्यक्रम तयार पार्न समितिलाई जिम्मेवारी प्रदान गरिएको प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी गराउनुभयो ।

नेपालमा हाल यसबाट ८०० जना प्रभावित भएको तथ्याङ्क छ । आनुवांशिक बाहेक अन्यमा समेत देखापर्ने जटिल प्रकृतिको रोगको गर्भावस्थामा हुने आनुवंशिक परीक्षणमार्फत ९५ प्रतिशत बिरामी पत्ता लगाउन सकिने विज्ञहरुको भनाइ छ । यो रोग भएका बालबालिका तथा अन्यलाई अतिरिक्त सेवा, विशेष सहयोग र मनोवैज्ञानिक सघनताको आवश्यकता पर्दछ ।

समितिलाई रोग रोकथाम, परिवार र स्वास्थ्यकर्मीलाई जानकारी दिन सचेतनामूलक कार्यक्रम तयार पार्ने तथा सामाजिक पुनःस्थापना र आत्मनिर्भरताका लागि कार्यक्रम तयार पार्ने योजना मन्त्रालयलाई बुझाउने कार्यादेश दिइएको छ ।

# प्रेस चौतारी नेपालको अध्यक्षमा पाण्डे

**दैनिक समाचारदाता**
**विराटनगर, १२ चैत ।**

प्रेस चौतारी नेपालको १० औं राष्ट्रिय अधिवेशनले अध्यक्ष पदमा गणेश पाण्डेसहित ९९ सदस्यीय कार्य समिति चयन गरेको छ ।

प्रेस चौतारी नेपालका निवर्तमान अध्यक्ष एवं अध्यक्ष मण्डलका सदस्य गणेश बस्नेतका अनुसार उपाध्यक्षमा चेतन अधिकारी र महिला उपाध्यक्षमा कृपा भण्डारी, महासचिवमा हीरामान लामा, उपमहासचिवमा हरिवल्लभ नेपाल, सचिवमा विक्रम लुइँटेल, प्रदीप आचार्य, नरेश भण्डारी र विष्णु तारुके निर्विरोध निर्वाचित भएका छन् ।

अधिवेशनले लेखा आयोग, अनुशासन आयोग, नीति तथा प्रशिक्षण आयोग र निर्वाचन आयोगका संयोजक पनि निर्विरोध निर्वाचित गरेको नेपाल पत्रकार महासङ्घ कोशी प्रदेशका अध्यक्ष भरत खड्काले जानकारी दिए । उहाँका अनुसार अधिवेशनमा १०९ मनोनीतसहित ९२३ जना प्रतिनिधिहरुको सहाभागिता रहेको थियो ।

# विचाराधीन विधेयकलाई शीघ्र टुङ्गोमा पुर्‍याउने सत्तापक्षीय दलको निर्णय

काठमाडौं, १२ चैत (रासस) ।

सत्तापक्षीय दलहरुले संसद्मा विचारधीन विधेयकलाई यथाशीघ्र टुङ्गोमा पुर्याउने निर्णय गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटरमा मंगलबार बसेको सत्ता पक्ष दलका शीर्ष नेताको बैठकमा संसद्मा विचारधीन विधेयकलाई चाँडै अघि बढाउने विषयमा छलफल भएको बैठकमा सहभागी श्रम, रोजगार तथा सामाजिकमन्त्री शरतसिंह भण्डारीले राससलाई जानकारी दिनुभयो ।

बैठकमा भूमिसम्बन्धी अध्यादेशमा राजनीतिक सहमति जुटाउनेलगायत समसामायिक विषयमा छलफल भएको उहाँले बताउनुभयो ।

बैठकमा प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सिके राउत, जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राई, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठलगायत उपस्थित हुनुहुन्थ्यो ।

# सहमति नजुट्दा मधेस प्रदेशसभाको बैठक अनिश्चित

जनकपुरधाम, १२ चैत (रासस) ।

दलहरूबीच सहमति नमिल्दा मधेस प्रदेशसभा बैठक अनिश्चित भएको छ ।

प्रदेशसभाको गतिरोध अन्त्य गराउन मंगलबार बिहान बसेको दलहरूबीचको बैठकमा सहमति नभएपछि मंगलबारका लागि बोलाइएको बैठकसमेत स्थगित भएको जनमत पार्टी संसदीय दलका नेता महेशप्रसाद यादवले बताउनुभयो ।

प्रदेशसभाको गत आइतबारको बैठकमा विभिन्न विषयमा छानबिनको माग गर्दै विपक्षी दलले अवरोध गरेका थिए । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूको संयुक्त बैठकमा संसदीय छानबिन समिति गठन गर्नुपर्ने विपक्षी दलहरूले अडान राखेपछि सहमति जुट्न नसकेको जनमत पार्टीका संसदीय दलका नेता यादवले जानकारी दिनुभयो ।

मधेस प्रदेशसभाका सचिव वासुप्रसाद कोइरालाले एक सूचना जारी गर्दै मंगलबार बिहान ११ बजे बस्ने भनिएको बैठक अर्को सूचना प्रकाशित नभएसम्म स्थगित गरिएको बताउनुभयो ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८१/१२/०८

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. २६ अच्छा लाल माझीको नाममा दर्ता रहेका साबिक प्रगन्ना मालझमुना मौजे कठौनाको सा.कि.नं. ८२३ को ज.वि. १-५-० मध्ये ०-१३-३ मध्ये ०-११-१३ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला ससरी गा.वि.स मोहनपुर वडा नं.७ हाल शम्भुनाथ न.पा. वडा नं. ६ बस्ने अच्छा लाल चौधरीको बुहारी मिहि लाल चौधरीको पत्नी असीरी देवी-१, ऐ.ऐ. बस्ने अच्छा लाल चौधरीको छोरा बौवा लाल चौधरी-१ समेत २ को यस कार्यालयमा द.नं. १५०२३ मिति २०८१/११/१८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८१/१२/०८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बांटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८२३ | अच्छा लाल माझी | मोहनपुर | ९ख | ४३/२०१ | ०-११-१३ | असीरी देवी बौवा लाल मंडल | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा खाली रहेको। |

प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद खरेल


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*